# हिमालयन हाइड्रोपावर लिमिटेडको

# १७ औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

## माइन्युट

## **आर्थिक वर्ष २०८०/८१**

| | | |
|---|---|---|
| सभा मिति | : | २०८१ साल पौष २६ गते शुक्रबार |
| सभा समय | : | अपरान्ह ११.०० बजे |
| सभा स्थान | : | वाटरफ्रन्ट रिसोर्ट, लेक साईड, पोखरा, कास्की । |

# हिमालयन हाईड्रोपावर लिमिटेडको
# १७ औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्यूट)
# आर्थिक वर्ष २०८०/८१

१. **वैधानिक सभा**

हिमालयन हाईड्रोपावर लिमिटेडको मिति २०८१ साल मंसिर २६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार मिति २०८१ साल पौष २६ गते शुक्रवार (तदनुसार १० जनवरी २०२५ सन) का दिन यस कम्पनिको १७ औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री खोम बहादुर के.सी. ज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसि देहायका विषयहरु उपर छलफल भई निर्णय भयो ।

२. **सभाको मिति, समय र स्थान**

मितिः २०८१/०९/२६ गते शुक्रबार

समयः अपरान्ह ११.०० बजे

स्थानः वाटरफ्रन्ट रिसोर्ट, लेक साईड, पोखरा, कास्की ।

३. **सभाको सुचना**

कम्पनी ऐन २०७३ को दफा ६७(२) बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०८०/८१ को वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु खोली कारोवार राष्ट्रीय दैनिक पत्रिकामा मिति २०८१ साल पौष ०२ गते प्रथम पटक र मिति २०८१ साल पौष १७ नया पत्रिका राष्ट्रीय दैनिक पत्रिकामा दोश्रो पटक शेयरधनीहरुको जानकारीको लागि सुचना प्रकाशित गरिएको थियो । त्यस्तै सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह तथा अन्य विवरणहरु वार्षिक प्रतिवेदन पुस्तिकाको रुपमा शेयरधनी महानुभावहरुले उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको थियो । साथै कम्पनिको वेबसाईटमा ईलेक्ट्रोनिक प्रति अपलोड समेत गरिएको छ।

४. **छलफलका विषयहरु**

क. समान्य प्रस्ताव

१ सञ्चालक समितिको १७ औं वार्षिक प्रतिवेदन छलफल गरि अनुमोदन गर्ने ।

२ आ.व.२०८०/०८१ को वासलात सहितको लेखा परीक्षण प्रतिवेदन छलफल गरि अनुमोदन गर्ने ।

३ आ.व २०८१/०८२ को लागि लेखा परिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने ।

ख) विविध

५ **उपस्थिति**

५.१ सञ्चालकहरु

१. श्री खोमबहादुर के.सी. अध्यक्ष

२.	श्री मोनिका थापा	सञ्चालक
३	श्री उत्तम कुमार भट्टराई	सञ्चालक
४	श्री दामोदर भक्त श्रेष्ठ	सञ्चालक
५	श्री सायना डंगोल	सञ्चालक
६	श्री खिला राज पोखरेल	सञ्चालक

५.२ प्रतिनिधि तथा अन्य उपस्थिति

१	श्री अभिशेक के.सी.	प्रमुख कार्यकारी अधिकृत
२	श्री कृष्णप्रसाद भण्डारी	कम्पनी सचिव
३.	श्री समिर गिरी	प्रतिनिधी कम्पनीको लेखा परीक्षक

६. **गणपूरक संख्या**

| विवरण | कुल संख्या | भौतिक उपस्थिति | प्रोक्सीबाट | जम्मा उपस्थिति | कुल शेयरको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर संख्या | १,०९,५०,००० | ३१,९९,६५०। | २४,०७,५५२। | ५७,६३,३७९। | ५२ प्रतिशत भन्दा बढी |

७. **सभाको वैधानिकता तथा सभाको सभापतित्व**

यो सभा कम्पनी ऐन, २०६३ को दफा ६९ मा व्यवस्था भए अनुसार बोलाइएको, दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सुचित गरिएको र दफा ७३(२) बमोजिम गणपुरक संख्या पुगेको हुंदा सभा वैधानिक भएको कुरामा शेयरधनीहरु सहमत हुनुभई विधिवत सभाको कारवाही अगाडी बढाइयो । सञ्चालक समितिका अध्यक्ष श्री खोमबहादुर के.सी. ज्यूले सभाको सभापतित्व ग्रहण गर्नुभयो ।

८. **१७ औं वार्षिक प्रतिवेदनको प्रस्तुति**

कम्पनिको १७ औं वार्षिक प्रतिवेदन सभाका सभापति श्री खोमबहादुर के.सी. ज्यूले सभामा पढेर सुनाउनु भयो । तत्पश्चात सभापतिज्युले लेखा परीक्षकको प्रतिवेदन सहितको २०८१ साल असार मसान्तको वासलात, मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९. **छलफलको लागि आहवान र सकृय सहभागी हुनेहरु**

यस कम्पनिको आर्थिक वर्ष २०८०/०८१ को वार्षीक प्रतिवेदन, २०८१ साल असार मसान्तको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/०८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर आ–आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीले प्रत्यक्ष रुपले सहभागी हुंदै देहाय अनुसार प्रश्नहरु तथा सुझावहरु व्यक्त गर्नुभएको थियो ।

१० **छलफलमा सकृय सहभागी हुने शेयरधनीको नाम**

१.	श्री विजय राज महत
२.	श्री श्री रुद्र प्रसाद कुईकेल
३.	श्री डा. भरतबहादुर खत्री

११. **छलफलमा सकृय सहभागी हुने शेयरधनीहरुको आ आफ्नो विचार प्रस्तुतिकरण**

श्री विजय राज महत: कम्पनिको व्याज घटाउने तर्फ पहल गर्नु पर्ने । प्रकृया पुरा गरेर आगामी आर्थिक वर्षमा हकप्रद शेयर जारि गर्दा सवै शेयर सदस्यहरुलाई सहभागी गराउनु पर्ने कुरा उल्लेख गर्नु भयो ।

श्री रुद्र प्रसाद कुइकेल: आयोजनाको टर्बाईन लगायत उपकरण तथा संरचना मर्मत बारे धारणा माग गर्नु भयो । हकप्रद निस्कासन बारेमा धारणा व्यक्त गर्नु भयो ।

श्री डा. भरतबहादुर खत्री: यस बर्षको आर्थिक विवरणमा केही मुनाफा देख्न पाईयो । अर्को बर्ष लाभांश पनि पाईयोस । आगामी वार्षिक साधारण सभा पावर हाउस भएको आयोजना स्थलमा नै गर्ने कुरामा सुझाव गर्दछु । हकप्रद शेयर निश्काशन वारेमा पनि धारणा व्यक्त गर्नु भयो ।

१२. **<u>जवाफको प्रस्तुतीकरण</u>**

शेयरधनी महानुभावहरुका उल्लेखित जिज्ञासा तथा सुझाव एवं रचनात्मक भुमिकाको सराहना गर्दै सभाको सभापतिको अनुमतिले प्रमुख कार्यकारी अधिकृत श्री अभिशेक के.सि. बाट प्रस्तुत प्रतिउत्तर तथा जवाफः

सम्पुर्ण शेयरधनी महानुभावहरुमा मेरो तर्फबाट नमस्कार तथा स्वागत छ । कम्पनिको वित्तीय अवस्था, आयोजनाको प्राविधिक पक्ष समेतको वारेमा जानकारी गराउँदै हकप्रद शेयर जारी सम्बन्धमा साधारण सभामा प्रष्ट पार्नु भयो ।

साथै आयोजनाको आयोजनाको टर्बाईन लगायत उपकरण तथा संरचना मर्मत सम्बन्धि प्राविधिक विषयमा व्यवसायी विशेषज्ञ सञ्चालक श्री दामोदर भक्त श्रेष्ठले प्रकाश पार्नु भयो ।

१३. **<u>सभाबाट भएका निर्णयहरुः</u>**

सभाका सभापतिबाट जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सुचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने निर्णय भयो ।

(क) सामान्य प्रस्ताव

१३(क)१ <u>सञ्चालक समितिको १७ औं वार्षिक प्रतिवेदन छलफल गरि अनुमोदन गर्ने</u> ।

सभामा प्रस्तुत सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सभामा आवश्यक छलफल गरी सभाबाट सर्वसम्मतिले अनुमोदन गरि पारित गर्ने निर्णय गरियो ।

१३(क)२ **<u>आ.व.२०८०/०८१ को वासलात सहितको लेखा परीक्षण प्रतिवेदन छलफल गरि अनुमोदन गर्ने</u>** ।

लेखा परीक्षण प्रतिवेदन सहितको २०८१ साल असार मसान्तको वासलात तथा २०८० श्रावण १ गते देखि २०८१ असार ३१ गते सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरणहरु उपर छलफल गरी उचित हुँदा अनुमोदन सहीत सर्व सम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

१३(क)३ **<u>आ.व २०८१/०८२ को लागि लेखा परिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने</u>** ।

आर्थिक वर्ष २०८१/०८२ को लेखा परीक्षण गर्न लेखा परीक्षक श्री निकेश अधिकारी एण्ड एसोसिएटस् चार्टड एकाउन्टेन्टसलाई दिने रकमका सम्बन्धमा छलफल गत वर्ष दिएको रकममा ५ प्रतिशत रकम थप गर्ने भएको भए ता पनि निज लेखा परीक्षक संगको समहतिमा गत वर्षकै रकम अर्थात रु.१,५०,०००। तथा अन्य खर्च बिल अनुसार भुक्तान हुने गरि नियुक्ति गर्ने निर्णय गरियो ।

१३(ग) विविध

थप अन्य छलफलको विषय वस्तु नभएकोले यस शिर्षकमा थप अन्य कुनै निर्णय भएन ।

१४. **<u>धन्यवाद ज्ञापन</u>**

तत्पश्चात छलफल तथा निर्णयको क्रम समाप्त भईसकेपछि सौहार्द्रपूर्ण वातावरणमा १७ औं वार्षिक साधारण सभा सम्पन्न गर्न अमूल्य समय दिई सहयोग पुर्याउनु भएकोमा सभापतिज्यूले शेयरधनी महानुभावहरु लगायत सवैमा धन्यवाद ज्ञापन गर्नु भयो ।

१५. **<u>सभा विसर्जन</u>**

अन्तमा सभापतिज्यूले सभा संचालन गर्न सभामा उपस्थित शेयरधनी महानुभावहरुबाट प्राप्त सहयोगको लागि पुनः धन्यवाद ज्ञापन गर्नुको साथै सभा सफलतापुर्वक सम्पन्न भएकोमा सवैलाई बधाई ज्ञापन गर्दै अपरान्ह दिनको १.३० बजे यो सभा विसर्जन गर्नुभयो ।

(खोम बहादुर के.सी.)
अध्यक्ष

(कृष्णप्रसाद भण्डारी)
कम्पनि सचिव